जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

*कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।*

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ४३ पृष्ठः ४ | २०८३ जेठ २० बुधबार (Wednesday 03 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# सिरहा नगरपालिकाका वडाध्यक्षहरूले नै लगाए लेखा शाखामा ताला

**कार्यपालिका बैठक तत्काल बोलाउन, विकास योजनाहरू संशोधन गर्न तथा प्रमुख प्रशासकीय अधिकृतलाई नियमित रूपमा कार्यालयमा उपस्थित गराउन माग गर्दै दुई वडाका अध्यक्षहरूले लेखा शाखामा तालाबन्दी गरेका हुन्।**





सिरहा, १९ जेठ। सिरहा नगरपालिकाको लेखा शाखामा मंगलबार तालाबन्दी गरिएको छ। कार्यपालिका बैठक तत्काल बोलाउन, विकास योजनाहरू संशोधन गर्न तथा प्रमुख प्रशासकीय अधिकृतलाई नियमित रूपमा कार्यालयमा उपस्थित गराउन माग गर्दै दुई वडाका अध्यक्षहरूले लेखा शाखामा तालाबन्दी गरेका हुन्। वडा नम्बर–२ का अध्यक्ष राकेशकुमार यादव र वडा नम्बर–६ का अध्यक्ष इन्द्रजित यादवले लेखा शाखामा तालाबन्दी गरेका हुन्।

उनीहरुले नगरपालिकाको प्रशासनिक तथा विकास निर्माणसम्बन्धी काम प्रभावकारी रूपमा सञ्चालन हुन नसकेको आरोप लगाएका छन्। उनीहरूले आफ्ना मागहरू तत्काल सम्बोधन नभएसम्म दबाबमूलक कार्यक्रम जारी रहने चेतावनी समेत दिएका छन्। वडा अध्यक्षहरूको भनाइअनुसार लामो समयदेखि कार्यपालिका बैठक नियमित रूपमा बस्न नसक्दा महत्वपूर्ण निर्णयहरू प्रभावित भएका छन्। साथै, विकास योजनाको कार्यान्वयनमा समेत समस्या देखिएको उनीहरूको दाबी छ।

प्रमुख प्रशासकीय अधिकृतको नियमित उपस्थितिको अभावले सेवाप्रवाह तथा विकास निर्माणको काममा प्रत्यक्ष असर परेको उनीहरूले बताएका छन्। नगर प्रमुख डा. नवीनकुमार यादवका अनुसार प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनुले कार्यालयको जिम्मेवारीभन्दा राजनीति बढी गरेको आरोप लगाएका छन्। उनले प्रमुख प्रशासकीय अधिकृत नियमित रूपमा कार्यालयमा उपस्थित नभएको र आफ्नो सरुवाको प्रक्रिया अगाडि बढेपछि केही वडाका अध्यक्षहरूलाई उक्साएर तालाबन्दी गराएको दाबी गरे।

यस विषयमा प्रतिक्रिया लिन प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनुसँग सम्पर्क गर्ने प्रयास गरिएको भए पनि उनको मोबाइल स्विच अफ रहेको छ।

# भारततर्फ अवैध निकासी गर्न लागिएको ७० बोरा फर्सीको बीउ बरामद

**उनका अनुसार बरामद गरिएको फर्सीको बीउको मूल्य प्रतिबोरा २८ हजार तोकिएको थियो। जसअनुसार ७० बोराको मूल्य १९ लाख ६० हजार रुपैयाँ बराबर हुनआउँछ।**



सिरहा, १९ जेठ। सिरहाबाट अवैध रूपमा भारततर्फ निकासी गर्ने तयारीमा रहेको ७० बोरा फर्सीको बीउ प्रहरीले बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार कर्जन्हा नगरपालिका–१ का हरिदेव दासको घरबाट फर्सीको बीउ बरामद गरिएको हो। ठूलो परिमाणमा फर्सीको बीउ लुकाइछिपाइ राखिएको भन्ने गोप्य सूचनाका आधारमा सोमबार साँझ प्रहरी टोली परिचालन भएको जिप्रका सिरहाले जनाएको छ।

सोही क्रममा दासको घरमा खानतलासी गर्दा भान्साघरमा ७० बोरा लुकाएर राखिएको फर्सीको बीउ फेला परेको जिप्रका सिरहाका प्रवक्ता डीएसपी रमेशबहादुर पालले जानकारी दिए। उनका अनुसार बरामद गरिएको फर्सीको बीउको मूल्य

–बाँकी तीन पेजमा

# लहानका २४ विपन्न दलित परिवारलाई सुरक्षित घर हस्तान्तरण

**मणिलाल विश्वकर्मा**




लहान, १९ जेठ। आफ्नै थातथलो नहुँदा झुपडीमा गुजारा चलाउँदै आएका सिराहाको लहान नगरपालिका–२२, सिसवनी गाउँका २४ विपन्न परिवारलाई एक करोड २८ लाख रुपैयाँ बढीको लागतमा निर्मित सुरक्षित घर हस्तान्तरण गरिएको छ। लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले मंगलबार सिसवनीस्थित सोनी सदायको घरको रिबन काटेर साँचोसहित हस्तान्तरण गरेका हुन्। 'भूमिहीन, दलित विपन्न पनि नगरकै बासिन्दा हुन्, नागरिकलाई अप्ठ्यारो परेका वेला स्थानीय सरकारले सघाउँछ भन्ने सन्देश दिन सुरक्षित घर बनाउन आर्थिक सहयोग गरेका हौं,' घर हस्तान्तरण गर्दै उनले भने।

सार्वजनिक ऐलानी जग्गा अतिक्रमण खाली गर्ने नाममा अन्य स्थानीय तहमा विनाविकल्प डोजर चलाएर भूमिहीन दलित र अन्य विपन्न समुदायको उठिबास भइरहेको चर्चा गर्दै उनले भने, 'लहान नगर क्षेत्रका सुकुमवासी, गरिब, विपन्नलाई व्यवस्थित बसोबासका लागि आर्थिक अनुदान उपलब्ध गराइ सुरक्षित घर बनाएर सम्बन्धित परिवारलाई दिँदै छौं।'

वर्षौंदेखि झुपडीमा बस्दै आएकी स्थानीय करिब ३५ वर्षीया सोनी सदायले आफूहरूका लागि नगरपालिकाले पक्की घर उपलब्ध गराएपछि खुसी व्यक्त गरिन्। 'श्रीमान्, चार छोराछोरीसहित ६ जनाको परिवार एउटै झुपडीमा बस्दै आएका थियौं,' उनले भनिन्, 'शौचालय, भान्सासहित दुई कोठाको घर पाएपछि थप सुरक्षित महसुस भएको छ।' मजदुरी गरेर तीन छोरा बुहारी, तीन नाति नातिना र

–बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## धूम्रपान त्यागौं, स्वस्थ जीवनशैली अपनाऔं।

- धूम्रपानले क्यान्सर, मुटु रोग र श्वासप्रश्वाससम्बन्धी समस्या निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकारक छ,

त्यसैले,

- सार्वजनिक स्थानमा धूम्रपान नगरौं,
- किशोर–किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
- धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धूम्रपान नगर्ने वातावरण सिर्जना गरौं,
- आ नो र परिवारको स्वास्थ्यको रक्षा गरौं,
- धूम्रपान त्याग्ने संकल्प गरौं,
- धूम्रपान विरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं।

**स्वस्थ जीवन, उन्नत भविष्यको आधार।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## यातायात क्षेत्र सुधार्ने उपाय कि सिन्डिकेटलाई प्रश्रय ?

एकातिर दिनहुँ सार्वजनिक यातायात दुर्घटनामा यात्रुहरूको ज्यान गइरहेको छ भने अर्कोतिर सरकार अहिलेसम्म यस्ता घटनाप्रति अपेक्षित संवेदनशील देखिँदैन। सरकारपिच्छे केही गरेको देखाउन खोज्ने तर विद्यमान बेथिति र अव्यवस्था अन्त्य गर्न भने उदासीन हुने प्रवृत्ति देखिँदै आएको छ। नेपालमा विश्व स्वास्थ्य संगठनको अनुमानअनुसार ८ हजार र नेपाल प्रहरीको अभिलेखमा करिब २५ सय जतिले बर्सेनि सडक दुर्घटनामा ज्यान गुमाउँछन्। संख्याको यस अन्तरले पनि सडक दुर्घटनाको अभिलेखसमेत राम्ररी नराखिएको देखाउँछ।

नयाँ सरकारले पनि विगतकै पदचिह्न पछ्याएको देखिन्छ। हालै सरकारले सार्वजनिक यातायात क्षेत्र अहिले अव्यवस्थित रहेको बताउँदै यसलाई व्यवस्थित र सुरक्षित बनाउने सोचका साथ केही समयका लागि नयाँ दर्ता रोकेको र त्यसबीचमा आवश्यक अध्ययन र सुधारका योजना अघि बढाइने जानकारी दिएको छ । झट्ट हेर्दा सही र सकारात्मक देखिने सरकारको यस निर्णयका पछाडिको नियत सही छ भने पनि प्रक्रिया गलत देखिन्छ। सुधारका लागि अध्ययन गर्नुपर्ने थियो भने नयाँ दर्ता रोक्ने वा नरोक्ने निर्णय पनि त्यसपछि नै गर्नु प्रक्रियागतरूपमा उपयुक्त हुन्थ्यो ।

स्पष्ट छ, सार्वजनिक यातायातमा पहिले नयाँ सवारी दर्ता गर्न रोक्ने अनि अध्ययन थाल्ने सरकारको निर्णय यस क्षेत्रप्रतिको परम्परागत हेराइबाटै प्रभावित छ। अर्थात्, सार्वजनिक यातायातका यात्रुको सुरक्षा र सुविधालाई बेवास्ता गर्ने सरकारी हेलचेक्र्याइँकै एउटा कडी हो। सार्वजनिक यातायातका समस्यामा थोत्रा सवारी साधनको सञ्चालन पनि प्रमुखमध्येको हो। धेरै दुर्घटनामा थोत्रा र मापदण्ड नपुगेका सवारी साधन कारक हुनेगरेको देखिन्छ। तर, सार्वजनिक यातायातका साधनले मापदण्ड पूरा गरे नगरेको जाँच भने बिरलै हुन्छ।

सडकमा प्रहरीले यदाकदा गर्ने छड्के सवारी जाँच यात्रुको संख्या, गन्तव्यजस्ता औपचारिकतामा सीमित हुनेगरेको देखिन्छ। अर्कोतिर, चालकरसहचालकको व्यवहार, जथाभावी भाडा असुली, महिला, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि आरक्षित सिटको दुरावस्था र डिजिटल प्रविधि प्रयोगको अभावमा त कसैले ध्यानै दिएको देखिँदैन। सवारी धनीहरूको सिन्डिकेटले कुनै बेलमा सडकहरू नै कब्जा गरेका थिए। जति नै थोत्रा भए पनि समिति नामको सिन्डिकेटका गाडीहरूबाहेक अरू सवारी साधन चलाउन दिइँदैन थियो। सिन्डिकेटको प्रभाव केही घटेपछि सबैजसो रुटमा नयाँ र सुविधासम्पन्न गाडीहरू सञ्चालनमा आएका थिए।

अब पनि नयाँ दर्ता बन्द गरिएपछि सम्भवतः पुरानै थोत्रा गाडीहरूको एकलौटी हुनेछ। यसबीच सरकारले प्रदूषण र भौतिक जाँच कडाइका साथ गरेर मापदण्ड पुगेका गाडीलाई मात्र चलाउन दिने नियम प्रभावकारीरूपमा लागु गर्न सक्थ्यो । ट्याक्सीको नयाँ दर्ता सहज हुने हो भने कालोबजारमा नम्बर प्लेटको खरिद विक्री हुनेथिएन। तर, सरकारले भने दर्ता रोक्नुलाई प्राथमिकता दियो ! यात्रुहरूको सुरक्षा र सुविधा बढ्नुका साथै सवारी साधन छान्ने सुविधा पनि भयो भने रेल नभएको नेपालको लागि सडक नै भरपर्दो सार्वजनिक यातायात हो। यसैले शिक्षा र स्वास्थ्य जत्तिकै महत्त्व राज्यले सार्वजनिक यातायातलाई दिनुपर्छ। तर, नेपालमा भने सडक यातायात सेवामा राज्यको उपस्थिति अत्यन्तै सीमित छ।

यसैले सार्वजनिक यातायातको अवस्थाको विस्तृत अध्ययन गरेर सुधारका योजना बनाउने काम सरकारले प्राथमिकता दिएर गरोस्। यसबीचमा नयाँ दर्ता रोक्नुभन्दा थोत्रा गाडीहरू सार्वजनिक यातायात सेवाबाट हटाउन सरकारको ध्यान जानुपर्छ। थोत्रा सवारी धनीहरूको सिन्डिकेटको इसारामा नयाँ सवारी दर्ता रोकिएको त होइन भन्ने आशंका उब्जिएको छ।

### *भारततर्फ अवैध ...*

प्रतिबोरा २८ हजार तोकिएको थियो। जसअनुसार ७० बोराको मूल्य १९ लाख ६० हजार रुपैयाँ बराबर हुनआउँछ। प्रारम्भिक अनुसन्धानबाट उक्त बीउ भारततर्फ अवैध निकासी गर्ने उद्देश्यले भण्डारण गरिएको खुलेको प्रहरीले जनाएको छ।

बरामद गरिएको बीउ नियन्त्रणमा लिएर आवश्यक कानुनी कारबाहीका लागि भन्सार कार्यालय सिरहामा बुझाइएको प्रहरीले जनाएको छ।

# 'नेपाल वेलनेस वर्ष': सांस्कृतिक कूटनीतिको नयाँ अध्याय

**डिल्लीराज पौडेल**

विश्व मंगलबार अभूतपूर्व प्रविधिगत परिवर्तनको युगबाट गुज्रिरहेको छ। कृत्रिम बुद्धिमत्ता, डिजिटल जडान, स्वचालन तथा वैज्ञानिक नवप्रवर्तनले मानव जीवनलाई नयाँ उचाइमा पुऱ्याइरहेका छन् । तर यही समयमा मानवता मानसिक तनाव, सामाजिक एक्लोपन, भावनात्मक असन्तुलन तथा आध्यात्मिक रिक्तताको चुनौतीसँग पनि सङ्घर्ष गरिरहेको छ। आर्थिक समृद्धि विस्तार भइरहेको छ, तर आन्तरिक शान्ति र जीवन सन्तुष्टिको खोज अझ गहिरो बन्दै गएको छ।

यस्तो विश्व परिवेशमा राष्ट्रहरूको प्रभाव केवल आर्थिक, सैनिक वा प्राविधिक क्षमताले मात्र निर्धारण हुने अवस्था छैन। संस्कृति, मूल्य, जीवनदर्शन, विश्वास, मानवीय सम्बन्ध तथा नागरिक सहभागिताले पनि अन्तरराष्ट्रिय सम्बन्ध र विश्वव्यापी प्रभाव निर्माणमा निर्णायक भूमिका खेल्न थालेका छन्। यही सन्दर्भमा नागरिक कूटनीति आज राज्य केन्द्रित कूटनीतिलाई पूरक मात्र होइन, धेरै अवस्थामा दिशानिर्देशक शक्तिका रूपमा उदाउँदै गएको छ ।

नेपालसँग विश्वलाई दिने एउटा विशिष्ट सभ्यतागत सन्देश छ। गौतमबुद्धको जन्मभूमि, हिमालयको काख, विविध संस्कृति र सहअस्तित्वको परम्परा, योग, ध्यान, आयुर्वेद तथा प्रकृतिसँग सन्तुलित जीवन दर्शनले नेपाललाई शान्ति, चेतना, करुणा र समग्र स्वास्थ्यको केन्द्रका रूपमा स्थापित गर्ने अद्वितीय आधार प्रदान गरेका छन् । त्यसैले 'नेपाल वेलनेस वर्ष २०२७' लाई केवल पर्यटन प्रवर्द्धन कार्यक्रमका रूपमा होइन, नेपालको सांस्कृतिक कूटनीति, नागरिक कूटनीति, सौम्य शक्ति विस्तार तथा विश्व शान्तिमा रचनात्मक योगदान पुऱ्याउने दीर्घकालीन राष्ट्रिय अभियानका रूपमा हेर्न आवश्यक छ।

नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत नेपालको पर्यटन क्षेत्रलाई आरोग्य पर्यटनका रूपमा अन्तरराष्ट्रियस्तरमा प्रवर्द्धन गर्ने, आवश्यक पूर्वाधार तथा कार्यक्रमहरू विकास गर्ने तथा नेपाललाई समग्र स्वास्थ्य, आध्यात्मिक अनुभव र दिगो जीवनशैलीको वैश्विक गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य अगाडि सारेको छ। यसले 'नेपाल वेलनेस वर्ष २०२७' लाई राष्ट्रिय प्राथमिकताको विषयका रूपमा औपचारिक मान्यता दिएको सङ्केत गर्दछ। यस पृष्ठभूमिमा 'नेपाल वेलनेस वर्ष २०२७' केवल पर्यटन वर्ष होइनन्न यो नेपाललाई विश्व शान्ति, समग्र स्वास्थ्य, अन्तरसभ्यतागत संवाद, नागरिक कूटनीति र मानवीय सहअस्तित्वको वैश्विक केन्द्रका रूपमा पुनर्स्थापित गर्ने ऐतिहासिक अवसर हो। यस लेखले सोही सम्भावना, चुनौती र अवसरहरूको कूटनीतिक तथा नीतिगत विश्लेषण प्रस्तुत गर्दछ।

**सभ्यतागत शक्ति र समग्र स्वास्थ्य कूटनीतिको उदय**

नेपालको अन्तरराष्ट्रिय पहिचान केवल भौगोलिक सीमाभित्र सीमित एक राष्ट्रको परिचय मात्र होइन, यो एक गहिरो सभ्यतागत निरन्तरता हो। हिमाल, पहाड र तराईको भौगोलिक विविधताभन्दा पनि बढी महत्वपूर्ण कुरा यहाँ विकसित भएको चेतनात्मक, सांस्कृतिक र दार्शनिक परम्परा हो, जसले नेपाललाई पूर्वीय सभ्यताहरूको सङ्गम र जीवित प्रयोगशालाका रूपमा स्थापित गरेको छ। पूर्वीय दर्शनका बहुआयामिक धाराहरू, ध्यान तथा साधनाको परम्परा, प्रकृतिसँगको गहिरो सहअस्तित्व र बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक सहजीवनले नेपाललाई केवल एक राजनीतिक भूगोल होइन, एक जीवित सभ्यतागत संरचनाका रूपमा प्रस्तुत गर्दछ।

नेपालको यो सभ्यतागत विशेषता स्थिर वा ऐतिहासिक मात्र होइन, निरन्तर अभ्यासमा रहेको जीवनदर्शन हो। यहाँको सामाजिक जीवन, धार्मिक सहिष्णुता, सांस्कृतिक उत्सवहरू र दैनिक जीवनशैलीमा समेत प्रकृति, चेतना र सहअस्तित्वको गहिरो सम्बन्ध देखिन्छ। यही कारणले नेपाललाई जीवित सांस्कृतिक प्रयोगशालाका रूपमा बुझ्न सकिन्छ, जहाँ विविधता विभाजनको कारण होइन, सहअस्तित्वको आधार बनेको छ। समकालीन विश्वमा समग्र स्वास्थ्य अब व्यक्तिगत स्वास्थ्य अभ्यासको सीमाभित्र मात्र सीमित छैन। यो अब विश्वव्यापी अर्थतन्त्रको एक महत्वपूर्ण क्षेत्र, नीतिगत प्राथमिकताको केन्द्र र आधुनिक जीवनशैली रूपान्तरणको आधारभूत संरचना बनेको छ।

योग, ध्यान, प्राकृतिक चिकित्सा, आयुर्वेद, मानसिक स्वास्थ्य व्यवस्थापन तथा सजग जीवनशैली आज केवल वैकल्पिक अभ्यास होइनन्, बरु समग्र विकास, उत्पादकता र जीवन गुणस्तर सुधारका आवश्यक तत्वका रूपमा स्थापित भइरहेका छन् ।

यही परिवर्तनशील विश्व सन्दर्भमा नेपालले समग्र स्वास्थ्य कूटनीतिलाई आफ्नो रणनीतिक राष्ट्रिय पहिचानका रूपमा विकास गर्न सक्ने ऐतिहासिक अवसर प्राप्त गरेको छ। यो कूटनीति परम्परागत राज्य केन्द्रित कूटनीतिक संरचनाभन्दा फरक छ, किनकि यसले संस्कृति, समुदाय, नागरिक सहभागिता र चेतनास्तरलाई समेत अन्तरराष्ट्रिय सम्बन्ध निर्माणको आधार बनाउँछ। समग्र स्वास्थ्य कूटनीति केवल सरकारी नीति वा पर्यटन प्रवर्द्धनको उपकरण मात्र होइन, यो नेपालका सांस्कृतिक मूल्य, आध्यात्मिक परम्परा र जीवनदर्शनलाई विश्वसँग जोड्ने बहुआयामिक पुल हो।

नेपालको हिमालय केवल भौगोलिक संरचना होइन, यो विश्व चेतनामा शान्ति, स्थिरता र आत्मचिन्तनको प्रतीक हो। ध्यान परम्परा र बौद्ध दर्शनले आन्तरिक शान्ति, करुणा र मध्यमार्गको जीवनदर्शन प्रस्तुत गर्छन्। त्यस्तै योग साधना, आयुर्वेदिक परम्परा र प्रकृतिसँगको सहअस्तित्वले विकासलाई संरक्षण र सन्तुलनसँग जोड्ने दृष्टिकोण प्रस्तुत गर्दछ। यी सबै तत्वहरू मिलेर नेपाललाई यस्तो अद्वितीय सभ्यतागत स्थानमा उभ्याउँछन्, जहाँबाट विश्वलाई 'आन्तरिक सन्तुलनमार्फत बाह्य विकास' भन्ने वैकल्पिक विकास दृष्टिकोण प्रदान गर्न सकिन्छ।

**सौम्य शक्ति र नागरिक कूटनीतिको संस्थागत रूपान्तरण**

सौम्य शक्ति कुनै पनि राष्ट्रको सैन्य क्षमतामा वा आर्थिक प्रभुत्वमा मात्र आधारित हुँदैन। यसको मूल आधार कुनै राष्ट्रको सांस्कृतिक आकर्षण, नैतिक मूल्य, सभ्यतागत गहिराइ र विश्वसँग संवाद गर्नसक्ने भावनात्मक तथा वैचारिक क्षमता हो। यही कारणले आधुनिक अन्तरराष्ट्रिय सम्बन्धमा सौम्य शक्तिलाई दीर्घकालीन प्रभाव निर्माण गर्ने सबैभन्दा स्थायी माध्यमका रूपमा लिइन्छ। गौतम बुद्धको जन्मभूमि हुनु नेपालका लागि केवल ऐतिहासिक परिचय मात्र होइन, यो विश्वस्तरमा नैतिक र दार्शनिक प्रभाव विस्तार गर्ने अत्यन्त शक्तिशाली सभ्यतागत आधार हो।

यससँगै हिमालयको प्रतीकात्मक शक्ति, धार्मिक सहिष्णुता, सांस्कृतिक सहअस्तित्व र विविध जीवनशैलीहरूको सजीव समन्वयले नेपाललाई शान्ति र सहअस्तित्वको जीवित सभ्यताका रूपमा स्थापित गरेको छ तर यस्तो सभ्यतागत सौम्य शक्तिलाई अन्तरराष्ट्रिय प्रभाव र ठोस परिणाममा रूपान्तरण गर्न केवल राज्य केन्द्रित कूटनीति पर्याप्त हुँदैन। यसका लागि नागरिक कूटनीति निर्णायक र विस्तारकारी माध्यमका रूपमा स्थापित हुन्छ। नागरिक कूटनीतिले अन्तरराष्ट्रिय सम्बन्धलाई सरकारको सीमित दायराबाट बाहिर निकाल्दै समाज, समुदाय, संस्था, युवा पुस्ता, शैक्षिक क्षेत्र, सांस्कृतिक अभियन्ता तथा प्रवासी नेपाली सञ्जालसम्म विस्तार गर्दछ। यस सन्दर्भमा 'नेपाल वेलनेस वर्ष २०२७'नागरिक कूटनीतिको एक संरचित राष्ट्रिय अभ्यासका रूपमा विकसित हुनसक्ने ऐतिहासिक अवसर हो। यस अभियानमार्फत योग प्रशिक्षक, ध्यान केन्द्र, विश्वविद्यालय, स्वास्थ्य संस्था, सांस्कृतिक समूह तथा प्रवासी नेपाली सञ्जालहरूलाई एकीकृत रूपमा परिचालन गर्न सकिन्छ।

यस प्रकार नागरिक कूटनीति केवल सहयोगी संरचना मात्र होइन, यो सौम्य शक्तिलाई व्यवहारिक, संस्थागत र वैश्विक प्रभावमा रूपान्तरण गर्ने प्रमुख साधन हो।

**आरोग्य पर्यटन, नीति रूपान्तरण र अन्तरराष्ट्रिय अवसर**

नेपाल सरकारले पर्यटन क्षेत्रलाई आरोग्य पर्यटनका रूपमा पुनःपरिभाषित गर्ने नीति अघि सारेको छ। यो केवल शब्दगत परिवर्तन मात्र होइन, राष्ट्रिय विकास दृष्टिकोणमै देखिएको एक महत्वपूर्ण रूपान्तरण हो। यस नीतिले पर्यटन क्षेत्रलाई परम्परागत अवकाश र मनोरञ्जनमुखी दृष्टिकोणबाट बाहिर निकाल्दै स्वास्थ्य, कल्याण, पुनःस्थापना र समग्र जीवनशैली सुधारसँग जोड्ने प्रयास गरेको छ। यस नीति रूपान्तरणले नेपाललाई विश्व पर्यटन बजारमा केवल प्राकृतिक सौन्दर्यको गन्तव्यका रूपमा होइन, समग्र स्वास्थ्य, मानसिक पुनर्सन्तुलन र चेतनामूलक जीवनशैलीको केन्द्रका रूपमा प्रस्तुत गर्ने आधार तयार गरिरहेको छ। यसले नेपालको हिमाली क्षेत्र, ध्यान केन्द्र, योग परम्परा, आयुर्वेदिक उपचार प्रणाली तथा प्राकृतिक वातावरणलाई एकीकृत विकास संरचनासँग जोड्ने सम्भावना विस्तार गरेको छ।

विश्वव्यापी रूपमा समग्र स्वास्थ्य अर्थतन्त्र तीव्र गतिमा विस्तार भइरहेको छ। अन्तरराष्ट्रिय अध्ययनहरूले समग्र स्वास्थ्य पर्यटन विश्वकै तीव्र गतिमा बढिरहेका पर्यटन क्षेत्रहरूमध्ये एक रहेको देखाएका छन्। यस्तो पर्यटनमा सहभागी हुने यात्रुहरू सामान्य पर्यटकको तुलनामा लामो समय बस्ने, स्थानीय संस्कृति र समुदायसँग गहिरो रूपमा जोडिने तथा उच्च मूल्यका सेवा उपयोग गर्ने प्रवृत्ति राख्दछन्। यदि नेपालले आरोग्य पर्यटनलाई केवल आर्थिक गतिविधिका रूपमा सीमित नराखी यसलाई सभ्यतागत 'ब्रान्डिङ'को उच्च स्तरमा विकास गर्नसकेमा, यसबाट उच्च मूल्यको पर्यटन, अनुसन्धान तथा शैक्षिक सहकार्य, स्वास्थ्य सेवा प्रवर्द्धन र अन्तरराष्ट्रिय ज्ञान आदानप्रदानका नयाँ अवसरहरू सिर्जना हुन सक्दछन्।

**अन्तरसभ्यतागत संवाद र विश्व शान्तिमा नेपालको भूमिका**

आजको विश्व गम्भीर सभ्यतागत तनाव, सांस्कृतिक विभाजन र राजनीतिक ुवीकरणको अवस्थाबाट गुज्रिरहेको छ। यस्तो परिस्थितिमा अन्तरराष्ट्रिय सम्बन्ध केवल शक्ति सन्तुलनको प्रश्न मात्र नभई विश्वास निर्माण, संवाद विस्तार र सहअस्तित्वको पुनःस्थापनाको प्रश्न बनेको छ। यही संवेदनशील विश्व सन्दर्भमा नेपालले एक विशिष्ट र ऐतिहासिक भूमिका निर्वाह गर्न सक्ने सम्भावना बोकेको छ। नेपाल संवाद, शान्ति र सहअस्तित्वको प्राकृतिक पुलका रूपमा स्थापित हुनसक्ने देश हो किनकि यसको सभ्यतागत संरचना नै विविधता र सहजीवनमा आधारित छ।

–बाँकी तीन पेजमा

## *'नेपाल वेलनेस ...*

नेपाल पूर्व र पश्चिमका विचारधाराबीचको सङ्गमस्थल हो। यहाँ पूर्वीय ध्यान र दर्शन परम्परा मात्र होइन, आधुनिक विकास आकांक्षा र वैश्विक सहभागिताको दृष्टिकोण पनि सँगसँगै उपस्थित छन्। त्यस्तै, नेपाल प्रकृति र चेतनाबीचको सन्तुलनको प्रतीक हो। यही बहुआयामिक अवस्थाले नेपाललाई सभ्यताहरू जोड्ने पुलका रूपमा स्थापित गर्ने ऐतिहासिक अवसर प्रदान गरेको छ। विश्वलाई आज केवल आर्थिक साझेदारी होइन, सांस्कृतिक समझदारी र भावनात्मक पुनःसंवादको आवश्यकता छ। यस सन्दर्भमा 'नेपाल वेलनेस वर्ष २०२७' केवल पर्यटन वा राष्ट्रिय प्रवर्द्धनको कार्यक्रमका रूपमा सीमित रहँदैन। यो विश्व संवाद, शान्ति र मानव चेतनाको साझा मञ्च बन्नसक्ने रणनीतिक अवसर हो।

**नागरिक कूटनीति र गैरराज्य संस्थाहरूको भूमिका**

समकालीन अन्तरराष्ट्रिय सम्बन्धमा कूटनीति अब केवल राज्य संयन्त्रको एकल अधिकार क्षेत्रभित्र सीमित छैन। नागरिक समाज, विश्वविद्यालय, धार्मिक तथा आध्यात्मिक संस्था, युवा सञ्जाल, सांस्कृतिक अभियन्ता तथा प्रवासी समुदायहरूले अन्तरराष्ट्रिय सम्बन्ध निर्माणमा निर्णायक र दीर्घकालीन प्रभाव पार्ने भूमिका खेलिरहेका छन्। यसलाई नै नागरिक कूटनीति भनिन्छ, जसले कूटनीतिलाई राज्य केन्द्रित संरचनाबाट बाहिर निकालेर समाज, संस्कृति, शिक्षा र मानवीय सम्बन्धको तहमा विस्तार सक्दछन्। 'नेपाल वेलनेस वर्ष २०२७' ले यस नागरिक कूटनीतिको अभ्यासलाई व्यवस्थित, संरचित र राष्ट्रिय अभियानको रूपमा संस्थागत रूप दिन सक्ने ऐतिहासिक अवसर प्रदान गर्छ। यस अभियानमार्फत ध्यान, योग, सजगता, शिक्षा, सांस्कृतिक आदानप्रदान तथा शान्ति केन्द्रित कार्यक्रमहरूलाई अन्तरराष्ट्रियस्तरमा विस्तार गर्न सकिन्छ।

यस प्रक्रियामा प्रवासी नेपाली समुदाय विशेष रूपमा रणनीतिक शक्ति हो। विश्वका विभिन्न मुलुकहरूमा फैलिएको नेपाली डायस्पोरा केवल आर्थिक योगदानको स्रोत मात्र होइन, नेपाल र विश्वबीचको सांस्कृतिक र भावनात्मक पुल पनि हो। उनीहरूले आफ्नो बसोबास रहेका देशहरूमा नेपालको सांस्कृतिक मूल्य, आध्यात्मिक परम्परा र जीवनदर्शनलाई प्रवर्द्धन गर्दै अनौपचारिक कूटनीतिक प्रतिनिधिका रूपमा काम गर्न सक्दछन्। यदि प्रवासी नेपाली समुदायलाई समग्र स्वास्थ्य, योग, ध्यान, सांस्कृतिक संवाद, शैक्षिक आदानप्रदान तथा अन्तरसांस्कृतिक सहकार्यका अभियानहरूसँग रणनीतिक रूपमा जोड्न सकियो भने, उनीहरूले नेपाललाई विश्वसँग जोड्ने अत्यन्त प्रभावकारी र दीर्घकालीन सांस्कृतिक कूटनीतिक नेटवर्क निर्माण गर्न सक्दछन्।

**आगामी बाटो**

'नेपाल वेलनेस वर्ष २०२७' लाई सफल, प्रभावकारी र दीर्घकालीन रूपमा रूपान्तरण गर्न संस्थागत, नीतिगत र संरचनात्मक तयारी अपरिहार्य हुनेछ। यस अभियानलाई केवल कार्यक्रमगत स्तरमा सीमित नराखी राष्ट्रिय विकास दृष्टिकोणको एक एकीकृत ढाँचाका रूपमा अघि बढाउन आवश्यक छ। यसका लागि राष्ट्रिय समग्र स्वास्थ्य परिषद् एक समन्वयकारी संस्थागत आधारका रूपमा विकास गर्न सकिन्छ, जसले नीति निर्माण, कार्यक्रम कार्यान्वयन र अन्तरराष्ट्रिय सहकार्यबीचको समन्वय सुनिश्चित गर्नेछ।

त्यस्तै, हिमालय समग्र स्वास्थ्य परिपथले नेपालको भौगोलिक, सांस्कृतिक र आध्यात्मिक सम्पदालाई एकीकृत पर्यटन तथा अनुभव संरचनामा रूपान्तरण गर्ने रणनीतिक ढाँचा प्रदान गर्न सक्दछ। अन्तरराष्ट्रिय अनुसन्धान सहकार्यले नेपाललाई केवल सेवा गन्तव्य होइन, समग्र स्वास्थ्य, ध्यान, योग, मानसिक सन्तुलन र चेतनामूलक जीवनशैलीसम्बन्धी ज्ञान उत्पादन तथा आदानप्रदानको केन्द्रका रूपमा स्थापित गर्न मद्दत गर्नेछ। समुदाय आधारित पूर्वाधार विकासले स्थानीय स्तरमा प्रत्यक्ष सहभागिता, रोजगारी सिर्जना र सांस्कृतिक संरक्षणलाई सुनिश्चित गर्नेछ। सार्वजनिक निजी साझेदारीले लगानी, नवप्रवर्तन र दिगो विकासबीचको सम्बन्धलाई संस्थागत रूप दिनेछ। यी सबै प्रयासहरूलाई सफल बनाउन सरकार, निजी क्षेत्र, नागरिक समाज, आध्यात्मिक संस्था तथा अन्तरराष्ट्रिय साझेदारबीच एकीकृत समन्वय प्रणाली विकास गर्नु अत्यावश्यक छ। यदि बीसौँ शताब्दी शक्ति राजनीतिको शताब्दी थियो भने, एक्काइसौँ शताब्दी चेतना, संस्कृति र मानवीय सहअस्तित्वको शताब्दी बन्ने सम्भावना प्रबल छ। नेपालसँग त्यस शताब्दीलाई दिशा दिने सभ्यतागत आधार अझै जीवित छ।

नेपालसँग विश्वलाई केवल हिमाल देखाउने मात्र होइन, मानव चेतनाको अर्को सम्भावना देखाउने ऐतिहासिक अवसर पनि छ। यदि नेपालले आफ्नो सभ्यतागत सम्पदा, सांस्कृतिक शक्ति र चेतनामूलक जीवनदर्शनलाई दूरदर्शी नीति, संस्थागत तयारी र अन्तरराष्ट्रिय साझेदारीसँग जोड्न सक्यो भने, 'नेपाल वेलनेस वर्ष २०२७' केवल एक अभियान रहने छैनन्र यो नेपाललाई विश्व शान्ति, समग्र स्वास्थ्य र मानवीय सहअस्तित्वको अग्रणी आवाजका रूपमा स्थापित गर्ने ऐतिहासिक मोड बन्न सक्नेछ। अब प्रश्न केवल नेपालले विश्वबाट के प्राप्त गर्छ भन्ने होइन। प्रश्न यो हो कि नेपालले विश्वलाई कस्तो दिशा दिन सक्दछ। 'नेपाल वेलनेस वर्ष २०२७' त्यस प्रश्नको सभ्यतागत उत्तर बन्न सक्दछ। (लेखक मलेसियाका लागि नेपाली पूर्वराजदूत हुनुहुन्छ)

# संकल्प र लगनले चुम्दै सफलता



**गोपालप्रसाद बराल**

महोत्तरी, १९ जेठ। साहुले ऋण नपत्याउँदा विदेश जान नपाएर तरकारीखेतीमा लागेका महोत्तरीका किसान अहिले प्रेरक व्यक्तिको उदाहरणका रूपमा उभ्याइने गरिन्छ। 'गरे के हुँदैन ?' भन्ने आहान महोत्तरीको भंगाहा–४, रामनगरका किसान सत्यदेव महतोले संकल्प र लगनले चरितार्थ गरेको छ। झन्डै १६/१७ वर्षअघि तरकारी खेतीमा जोडिनुभएका महतोलाई अहिले न फुर्सद छ, न पछाडि फर्कनुपरेको छ। केही गर्ने हुटहुटी, संकल्प र लगनले नै उहाँलाई यो सफलता प्राप्त भएको हो।

करिब एक बिघा (२० कट्ठा) जग्गामध्ये १५ कट्ठामा तरकारी खेती गर्नुभएका महतोको बारीमा परवल लहलहाएको छ। खुर्सानीका बोट फूल र चिचिलाले झपक्क छन्। त्यसैगरी काँक्रा, बोडी, घिरौला, झिगुनी, लौका र फर्सीका लहरामा आँख्लैपिच्छे फल लागेका छन्। सबैभन्दा रहरलाग्दो त उहाँको करेला खेती छ। महतोले बर्सेनि पाँच, छ कट्ठामा करेला खेती गर्दै आउनुभएको छ। मुख्य सडक छेउकै बारीमा रहेको उहाँको बारीको मचानमा परैबाट लटरम्म देखिने करेला हेर्न बटुवा पुग्छन्।

तरकारी खेतीमा जम्नुभएका महतोको विशेष पहिचान भने करेलाले नै बनाएको छ। वर्षभरिमा फरकफरक मौसम ( सिजन)मा गरेर पाँच/छ कट्ठा करेला खेती गर्दै आउनुभएका उहाँको करेला खेती सडकबाटै देखिने हुँदा बटुवाका लागि यो प्रदर्शनीजस्तै बनेको बर्दिबास–२, बारनचौडीका उमेश आचार्य बताउनुहुन्छ। "करेला खेती त अन्त पनि भएकै छ, तर सतो ( सत्यदेवको बोलाउने नाउँ)को खेती हेरेपछि मन दङ्ग हुन्छ", महतोको करेला बारी पुग्नुभएका आचार्य भन्नुहुन्छ। भङ्गाहा र वरपर छरछिमेकका बस्तीमा तरकारी खेतीको कुरा चल्यो कि त्यहाँ सत्यदेवको कुरा उप्किहाल्छ। महतोले मौसम अनुसारको बोडी, खुर्सानी, काँक्रा, परबल, झिगुनी, लौका, फर्सी, घिरौला र ओलसहितका तरकारी लगाउनु भए पनि उहाँलाई चिन्नेले करेलाकै नामबाट उभ्याउँछन्।

दाजुभाइबिच अंशवण्डा भएपछि कमाउन कतार जाने सोचले राहदानी बनाउनुभएका महतो कतै ऋण नपाएपछि विलखबन्द पर्नुभएको थियो। अब बाँच्न तरकारी खेतीमा लाग्छु भनेर काम थाल्नुभएका उहाँले त्यसयता कहिल्यै पछाडि फर्कनुपरेको छैन। "आफूसँग भएको करिब एक बिघाजति जग्गामध्ये १५ कट्ठामा तरकारी खेती गर्छुँ", महतो भन्नुहुन्छ, "यसले मलाई सधैँ काममा अघि बढ्न हौसला दिएको छ।" तरकारीखेती थालेपछि दुईचार पैसाका लागि कसैसँग हात थाप्नु नपरेको र उल्टै छरछिमेकको आपत् विपद्मा सरसहयोग गर्न पाउँदा सन्तोष मिल्ने गरेको उहाँ बताउनुहुन्छ।

पाँच कट्ठाको अन्नबाली (धान, गहुँ)ले खाने अन्न र १५ कट्ठा तरकारीखेतीले बर्सेनि १०–१२ लाख नगदको जोहो भएपछि त्यतिखेर विदेश जान ऋण नपाएर ठिकै भएछ भन्ने लाग्ने गरेको उहाँले बताउनुभयो। "मेरो करेला खेतीले मान्छेको मन तानेको छ, मलाई नाउँ नजान्नेले त 'करेलावाला' नै भन्ने गरेका छन्", उहाँ भन्नुहुन्छ, "यसले कमाइ पनि राम्रै दिएको छ। अरूभन्दा करेलामा बढी रेखदेख र स्याहार पुऱ्याउन पर्ने हुँदा सबैले यो खेती गर्दैनन्", उहाँ भन्नुहुन्छ, "मैलेचाहिँ बर्सेनि गर्दै आएको छु।" लागत र रेखदेख बढी गर्न परे पनि अन्य तरकारीको तुलनामा करेलाको भाउ सधैँ उच्च हुँदा कहिल्यै हरेस खान नपरेको उहाँको अनुभव छ।

बाह्रैमास उत्पादन लिन सकिने करेला राम्रो जातको पर्दा रोपेको ५० दिनमै उत्पादन दिन थाल्ने महतोले बताउनुभयो। माया, राजधानी, विजेता र इण्डो–अमेरिकी जातका करेलाको खेती बढी हुने गरेको उहाँको भनाइ छ। "मचाहिँ बर्सेनि बारी फेरेर माया जातको करेला लगाउँछु", महतोले भन्नुभयो। माया चाँडै फुल्ने, फल लाग्ने, रोगको प्रकोप कम हुने र लामो र ठुलो आकारको हुँदा ग्राहकको रोजाइमा पर्ने गरेको उहाँको अनुभव छ। "२०० ग्राम त सरदरकै हुन्छ, मेरो बारीमा एउटा करेला ३०० ग्रामसम्मको बाक्लै फलेको छ। करेलाखेतीले आफूलाई चिनाएको र आर्जन पनि राम्रै लिइएको उहाँ बताउनुहुन्छ।

आफू खेतीमा जमेपछि विदेश जान तरखर गरेका आफ्ना पुस्ताका साथीलाई तरकारीखेतीमै डोहोऱ्याएको उहाँ सगर्व बताउनुहुन्छ। आफ्नै देखासिकी र प्रेरणाले बस्तीका पाँचसात जना विदेश जान त्यागेर तरकारीखेतीमा जमेका उहाँले नाम कमाउनुभयो। पैसो नपाएर विदेश जान नपाएका साथीलाई यही काम गरे कमाइ हुन्छ भनेर हौसला दिँदै बेलामौकाको सहयोग गरेपछि पाँच, सात जना अब तरकारी खेतीमै राम्ररी जमेका महतोको भनाइ छ। "मैले अब यतै काममा लाग, खेतीमा म पनि सघाउँछु भने, पाँच, सात जना लागे, राम्रै गरेका छन्", ३६ वर्षीय महतोकै सङ्गतले तरकारी खेतीमा पसेका सो बस्तीकै उहाँका समवयी उपेन्द्र यादव, हसन कवारी, चन्देश्वर राय दनुवार र सरोज महतो पनि अहिले अब्बल किसानमा दरिनुभएको छ।

तरकारी खेतीमा लागेर सफल किसान दरिएका सत्यदेव, हसन, उपेन्द्र, सरोज र चन्देश्वरसहितका समवयीका खेतीमा भोगिएका समस्या समान छन्। "भरपर्दो सिँचाइ छैन, चाहिएको ठिक्क बेला बिउबिजन, मल, औषधी पाइँदैन", हसन भन्नुहुन्छ, "तीन तहका सरकार छन् भन्छन्, हामीलाई के समस्या छ भनेर सोध्नसम्म पनि कोही आउँदैनन्।" सबैभन्दा बढी समस्या भरपर्दो बिउमा पर्ने गरेको किसानको अनुभव छ। ठिक्क बेलामा बिउ, मल, सिँचाइ नपाएरै खेतीको समय नाघ्ने गरेको तीतो अनुभव यी किसानले सँगालेका छन्।

"बिउ भारतीय बजारकै भर हो, कहिले त राम्रै पर्छ, कहिले भने ठगिएका छौँ", महतो भन्नुहुन्छ, "हाम्रा सरकारी निकायले पायक पर्ने ठाउँमा राम्रो बिउ किन्न दिए ठुलो राहत हुन्थ्यो", त्यसैगरी कृषि प्राविधिकको सरसल्लाह र अनुगमन नहुँदा आवश्यक उपचार नपाएर मुखको बालीबाट हात धुनुपरेको विगत अनुभवले किसानी पेसा दुख्याहा कर्म नै रहेछ भन्ने धेरैलाई परेको छ। किसानलाई बिउ, मल, सिँचाइ, प्राविधिक सल्लाह र बजारको सुव्यवस्था हुनसके खेतीले राम्रो कमाइ गर्न सकिने यी किसानको ठम्याइ छ।

## *लहानका २४ विपन्न...*

आफूसहित १२ जना परिवारको जीविका चल्दै आएको सुनाउँदै स्थानीय ६५ वर्षीया जहर मोचीले भनिन्, 'मजदुरीले बिहान बेलुका दुई छाक खान पनि मुस्किल हुन्थ्यो, पक्की घर पाउने त सोचेका पनि थिएनौँ, नगरपालिकाको समेत आर्थिक सहयोगमा घर पाएपछि ढुक्क भएका छौँ,' उनले भनिन्।

**शिक्षामा लगानी गर्न आग्रह**

घर हस्तान्तरण समारोहमा भवानी एकीकृत विकास केन्द्रका कार्यकारी निर्देशक सुजितकुमार चौधरीले घर पाएकाहरूलाई अब घर मर्मतमा खर्च हुने रकम जोगाएर छोराछोरीको शिक्षामा लगाउन आग्रह गरे। 'गरिब, विपन्न भएर मजदुरी गरेर थोरबहुत कमाएको रकम पनि अस्थायी फुसको घर मर्मतमा खर्च हुन्थ्यो,' उनले भने, 'अब २५/३० वर्ष घर मर्मतमा अतिरिक्त रकम खर्च गर्नुनपर्ने भएकाले त्यही रकम छोराछोरीको पढाइमा लगाउँदा भविष्य राम्रो बन्न सक्छ।'

सिराहाको धनगढीमाई नगरपालिका–२, भवानीपुरस्थित केन्द्रको प्राविधिक सहयोग तथा सहजीकरणमा नगरपालिकाको आ.व. ०८१/८२ को विपन्न परिवारका लागि सुरक्षित आवास निर्माण कार्यक्रम अन्तर्गत ८२ लाख ८५ हजार ५१५ रुपैयाँ, ह्यावित्यट फर ह्युमानिटी नेपालको २० लाख ३५ रुपैयाँ र स्थानीय समुदायको श्रमदान मूल्यांकन २५ लाख ७१ हजार ४५९ रुपैयाँ लागतमा २४ वटा घर निर्माण गरी हस्तान्तरण गरिएको हो।

आर्थिक वर्ष ०८०/८१ देखि अहिलेसम्म लहान नगरपालिका १२, १३, १५, २१ र २२ नं. वडामा कुल ११८ घर निर्माण गरी सम्बन्धित दलित विपन्न परिवारलाई हस्तान्तरण गरिएको केन्द्रका सामाजिक विकास अधिकृत ज्ञानदीप चौधरीले बताए। उनका अनुसार नगरपालिकासमेतको आर्थिक सहयोगमा चालू आवमा लहान१३, १५ र १८ नं. वडामा बनिरहेको २५ वटा घर असार मसान्तसम्म हस्तान्तरण गरिनेछ। आगामी आ.व. ०८३/८४ मा नगरपालिकासँगको साझेदारीमा थप ७५ वटा घर निर्माण गरिने योजना रहेको उनले बताए।

# प्रविधिले जोगाउँदै कुम्हार समुदायको पुख्र्यौली पेसा



विनय कर्ण

सप्तरी, १९ जेठ । माटोका विभिन्न प्रकारका भाँडा बनाउने मुख्य पेसा तराई मधेशमा बसोवास गर्ने कुम्हार समुदायको पहिचानसँग जोडिएको छ। पुस्ताैँदेखि यही पेसा अपनाउँदै आएको कुम्हार समुदायले माटोका भाँडाकुँडा निर्माण तथा बिक्री गरेर जीविकोपार्जन गर्दै आएको भए पनि आधुनिक जीवनशैली, प्लास्टिक तथा अन्य औद्योगिक सामग्रीको बढ्दो प्रयोगका कारण यो पुख्र्यौली पेसा पछिल्ला वर्षमा संकटमा पर्दै गएको थियो ।

लोप हुने अवस्थामा पुगेको यही पेसा अहिले भने आधुनिक प्रविधिको सहायताले पुनः जीविकोपार्जनको भरपर्दो माध्यम बन्दै गएको छ। सिप विकास तालिम र आधुनिक उपकरणको प्रयोगले कुम्हार समुदायका महिलालाई आर्थिक रूपमा आत्मनिर्भर बन्न सहयोग पुगेको छ। सप्तरीको छिन्नमस्ता गाउँपालिका–३ की २० वर्षीया आरती पण्डित यसको उदाहरण हुनुहुन्छ। कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आइएफएडी) र विश्व खाद्य कार्यक्रम (डब्लुएफपी), एफएओ र युएन ओमेनको साझेदारीमा दिदीबहिनी र सप्रोस नेपालद्वारा सञ्चालित 'ग्रामीण महिला आर्थिक सशक्तीकरण कार्यक्रम' अन्तर्गत माटोको ग्लास तथा भाँडा बनाउने सिप विकास तालिम लिएपछि सिकेको सिपको उपयोग गर्दै उहाँ अहिले माटोका मटका ( चिया कप) उत्पादनमा व्यस्त देखिनुभएको हो ।

आरतीले विगत सात महिनादेखि मटका उत्पादन गर्दै आउनुभएको छ। उहाँका अनुसार दैनिक रूपमा उत्पादन तथा बिक्रीबाट करिब तीन हजार रुपियाँसम्म आम्दानी हुने गरेको छ। उहाँले भन्नुभयो, "एक दिनमा करिब तीन हजार रुपियाँ आम्दानी हुन्छ। त्यसमा झन्डै एक हजार पाँच सय रुपियाँसम्म बचत हुन्छ।" सप्रोस नेपालले मटका बनाउने तालिम र विद्युत्बाट चल्ने मोटरजडित आधुनिक चक्का उपलब्ध गराएपछि उत्पादन क्षमता बढेको र अहिले मटका बिक्रीबाट मासिक रूपमा ५० हजार रुपियाँसम्म आम्दानी हुने गरेको उहाँको भनाइ छ। सोही ठाउँकी प्रमिला पण्डितले पनि माटोकै विभिन्न प्रकारका भाँडाकुँडा, पूजा सामग्री तथा खुत्रुक्के बनाएर मासिक २० हजार रुपियाँसम्म आम्दानी गरिरहनुभएको छ। उहाँका श्रीमान् रवीन्द्र पण्डितले सहयोग गरिरहेकाले प्रमिलालाई व्यापार गर्न सहज भएको छ।

उहाँले भन्नुभयो, "पहिला हातले चलाउने चाक (चक्का) प्रयोग गर्नुपर्थ्यो, जसले माटोको भाँडा बनाउन धेरै समय लाग्थ्यो । अहिले मोटरजडित आधुनिक प्रविधिको चक्का पाएपछि कम समयमा बढी उत्पादन गर्न सकिएको छ। अहिले आम्दानीमा पनि वृद्धि भएको छ।" महिलालाई आर्थिक तथा सामाजिक रूपमा सक्षम बनाउने उद्देश्यले यस्तो कार्यक्रम सञ्चालन गरिएको सप्रोस नेपालका कार्यक्रम म्यानेजर नवीन चौधरीले बताउनुभयो ।

उहाँका अनुसार कार्यक्रम अन्तर्गत माटोका भाँडा निर्माण, फूल खेती, तरकारी खेती प्रवर्धन, व्यावसायिक साक्षरता, क्षमता अभिवृद्धि तथा लैङ्गिक कार्य सिकाइसम्बन्धी व्यावहारिक तालिम पनि दिने गरिएको छ। यसले स्थानीय महिलाको आम्दानी वृद्धि हुनुका साथै लोपोन्मुख अवस्थामा पुगेको कुम्हार समुदायको परम्परागत पेसा संरक्षणमा समेत यस्ता कार्यक्रम प्रभावकारी बन्दै गएका छन्।

# जग्गाधनी पुर्जा माग गर्दै नगरपालिकामा तालाबन्दी




सप्तरी, १९ जेठ। जग्गाधनी पुर्जाको माग गर्दै नौ दिनदेखि राजविराज नगरपालिका कार्यालयभित्र रिले अनशनमा बस्दै आएका नगरवासीले सोमबार कार्यालयमा तालाबन्दी गरेका छन्। जग्गाधनी पुर्जा पाउनुपर्ने मागसहित नगरपालिका क्षेत्रमा प्रदर्शन गर्दै नगरपालिका कार्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेका हुन्। यसअघि सरोकारवाला निकायलाई बुझाइएको सातदिने अल्टिमेटमउपर सुनुवाइ नभएपछि कार्यालयमा तालाबन्दी गर्नु परेको नगरवासीका तर्फबाट गठित जनआन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले जानकारी दिनुभयो।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा सोमबार बसेको बैठकमा माग सम्बोधन गर्ने विषयमा गम्भीर नदेखिएकाले बैठक बहिष्कार गरी नगरपालिका कार्यालयमा तालाबन्दी गरिएको संयोजक दासले बताउनुभयो। प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविन, नापी कार्यालयका प्रमुख शत्रुधन यादव, भूमि व्यवस्था तथा मालपोत कार्यालयका निमित्त प्रमुख अजय झा, डिभिजन वन कार्यालयका प्रमुख पंकजकुमार मिश्र तथा आन्दोलन परिचालन समितिका पदाधिकारीसहित बैठक बसेको थियो।

मङ्गलबार बस्ने जनआन्दोलन परिचालन समितिको बृहत् बैठकले आन्दोलनका थप सशक्त कार्यक्रम घोषणा गर्ने उहाँको भनाइ छ। समितिले गत वैशाख २४ गते जग्गाधनी पुर्जाविहीन नगरका पाँच हजार दुई सय परिवारलाई जग्गाधनी पुर्जा प्रदान गर्नुपर्ने माग अघि सार्दै प्रजिअ पोखरेल, नापी कार्यालय, भूमि सुधार तथा मालपोत कार्यालय र राजविराज नगरपालिका कार्यालयलाई सातदिने अल्टिमेटमसहितको ध्यानाकर्षणपत्र बुझाएको थियो। समयसीमा सकिएपछि सरोकारवाला निकायले सक्रियता नदेखाएको भन्दै रिले अनशनपश्चात् नगरवासीले तालाबन्दी गरेको हो।

राजविराजको ७० बिघा क्षेत्रफलमा राजविराज नगरको स्थापनाकालदेखि नै बसोबास गर्दै आएका पाँच हजारभन्दा बढी परिवारले हालसम्म जग्गाधनी पुर्जा पाउन सकेका छैनन्। जग्गाधनी पुर्जा पाउन नसकेर समस्या परेका बेला नगरपालिकाबाट पाएको रसिदकै आधारमा बैङ्क तथा वित्तीय संस्थामा उक्त जग्गा धितो राखी पाउँदै गरेको ऋण सुविधा पनि आठ वर्षदेखि रोकिँदा नगरवासीलाई झनै समस्या भएको छ।

नगरपालिका स्थापना भएको २०१६ सालदेखि २०७५ सम्म उक्त जग्गाको खरिद बिक्री हुँदै आएको, अंशबन्डा, रजिस्ट्रेसन पास तथा बैङ्कमा धितो राखी ऋण पाउने गरेको थियो। राजविराज नगरपालिकाको मिति २०८२ कात्तिक २८ गते बसेको नगर परिषद्को बैठकले समेत जग्गाधनी पुर्जा प्रदान गर्न नापी कार्यालयलाई सिफारिस गरिसकेको छ ।

# सिरहामा ब्राउन सुगरसहित दुई जना युवक पक्राउ



सिरहा, १९ जेठ। सिरहा प्रहरीले ३ ग्राम १४० मिलिग्राम प्रतिबन्धित लागुऔषध ब्राउन सुगरसहित दुई युवकलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा मिर्चैया नगरपालिका–६ का २३ वर्षीय जयकुमार साह र १९ वर्षीय सुजल शाह रहेका छन्। उनीहरूलाई आइतबार बेलुका सिरहा नगरपालिका–१५ बुधौराबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। विशेष सूचनाको आधारमा प्रहरी चौकी खिरौनाबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेको ज.१० प ७६३७ नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा उनीहरूको साथबाट ३ ग्राम १४० मिलिग्राम ब्राउन सुगर बरामद गरेको थियो॥

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डीएसपी रमेशबहादुर पालका अनुसार पक्राउ परेका दुवै जनाविरुद्ध लागूऔषध सम्बन्धी मुद्दामा जिल्ला अदालत सिरहाबाट ५ दिनको म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान जारी रहेको जनाएको छ।

# मधेसका निलम्बित सांसद सिंहलाई ४ वर्ष कैद र ३८ लाख जरिवानाको फैसला

काठमाडौँ, १९ जेठ। विशेष अदालतले मधेस प्रदेशका निलम्बित प्रदेशसभा सदस्य सरोज कुमार सिंहलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्दै कैद र जरिवाना हुने फैसला सुनाएको छ। मंगलबार विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्यहरू उमेश कोइराला र विदुर कोइरालाको इजलासले सिंहलाई ४ वर्ष १ महिना कैद र ३८ लाख ५० हजार १३९ रुपैयाँ जरिवाना हुने फैसला सुनाएको हो। अदालतले 'अपराध पीडित संरक्षण ऐन, २०७५' बमोजिम सिंहबाट १ लाख ५४ हजार ५ रुपैयाँ ५६ पैसा क्षतिपूर्ति शुल्क असुल गरी 'पीडित राहत कोष' मा जम्मा गर्न समेत आदेश दिएको छ। साथै सिंहले घुस बापत लिएको ३८ लाख ५० हजार १३९ रुपैयाँ सरकारी कोषमा जफत गर्न भनेको छ।

महोत्तरी क्षेत्र नं. ४ 'ख' बाट निर्वाचित प्रदेशसभा सदस्य सिंहले विभिन्न उपभोक्ता समितिहरूबाट 'घुस कमिसन' बापत कुल ३८ लाख ५० हजार १३९ रुपैयाँ लिएको पुष्टि भएको अदालतले जनाएको छ। प्रतिवादी सिंहले उक्त रकम लिएको सम्बन्धमा विवाद नगरेकाले अदालतले सोही रकमलाई भ्रष्टाचारको 'बिगो' कायम गरेको छ। उपभोक्ता समितिको खाताहरूमा जम्मा दाखिला भएको रकम आफ्नो स्वकीय सचिव विनोद कुमार लाल कायस्थ मार्फत झिक्न लगाई उक्त रकम आफ्नो र श्रीमतीको नाममा रहेको संयुक्त खातामा ३८ लाख ५० हजार १३९ रुपैयाँ जम्मा दाखिला गरेर हिनामिना गरेको अभियोगमा सिंहमाथि लागेको थियो।

# भारतले भन्यो, 'नेपाल–भारत सीमा विवादमा तेस्रो पक्षको भूमिका अस्वीकार्य'

काठमाडौं, १९ जेठ। भारतले नेपालसँगको सीमा विवादमा तेस्रो पक्षको कुनै भूमिका नरहने बताएको छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले दुई छिमेकी देशबीचको आपसी मामिलामा तेस्रो पक्षको भूमिका नरहने बताउनुभएको हो। नयाँ दिल्लीमा रहेको विदेश मन्त्रालयमा आज आयोजित पत्रकार सम्मलेनमा प्रवक्ता जैसवालले सीमासम्बन्धी विषयहरूलाई दुई पक्षबाट नै हल गर्ने प्रयास भइरहेको उल्लेख गर्नुभयो।

आइतवार प्रधानमन्त्री बालेन्द्र शाहले प्रतिनिधिसभामा सीमा विवादबारे दिनुभएको अभिव्यक्तिपछि भारतको यो प्रतिक्रिया आएको हो। प्रधानमन्त्री शाहले सीमा विवादबारे चीन र बेलायतसँग पनि कूटनीतिक संवाद भइरहेको बताउनुभएको थियो। तर भारतीय विदेश मन्त्रालयका प्रवक्ता जैसवालले भने तेस्रो पक्षको भूमिका नरहने उल्लेख गर्नुभयो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)